श्री सर्वोच्च अदालतमा पेस गरेको

लिखित जवाफ

मार्फतः- श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ।

सम्वत् २०७९ सालको रिट नं.------------------------------------------------------------------------WO-१३८८

पुष्पकमल दाहाल "प्रचण्ड", प्रधानमन्त्री, नेपाल सरकार --------------------------------लिखित जवाफ प्रस्तुतकर्ता

प्रत्यर्थी

विरुद्ध

काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा.,वडा नं. १२ बस्ने लेनिन विष्टसमेत------------------------विपक्षी/रिट निवेदक

मुद्दाः- उत्प्रेषण समेत।

रिट निवेदकले म समेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गर्नुभएको रिट निवेदनको सम्बन्धमा सम्मानित अदालतबाट जारी भएको पन्ध्र दिने म्याद सूचना मिति २०८०।०३।०८ मा प्राप्त भएकोमा कार्यव्यस्तताको कारण उक्त म्याद गुज्रन गएकोले गुज्रेको म्याद सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५५ को उपनियम (१) बमोजिम थमाई थामी पाएको म्यादभित्रै लिखित जवाफ पेस गरेको छु।

१. रिट निवेदकले हामी निवेदक मिति २०५९।०७।२१ मा १३ वर्षको हुँदा माओवादी पार्टीमा आबद्ध भएका हौं। शान्ति प्रक्रियाको क्रममा UNMIN को verification ले २९७३ मध्ये हामीलाई Child Soldier का रुपमा सूचीकृत गरेको थियो। विपक्षीहरुले UNMIN को प्रमाणीकरणको अपव्याख्या गर्दै हामीलाई Minor/Disqualified Combatants नाबालिग/अयोग्य लडाकु भनी नामाकरण गरियो। वृहत शान्ति सम्झौतामा बालबालिकाको अधिकारलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइए तापनि माओवादी सेनाका लडाकुको परिभाषा विपरीत हामी लगायतलाई UNMIN ले बाल सेना नभई तोकिएको उमेर समूह पूरा गर्न नसकेका नाबालिग भनी नामाकरण गरिदिए। यसरी विपक्षीहरुले हामीलाई बाल सेनाको परिचयबाट वञ्चित गरी अयोग्य लडाकुको बिल्ला दिई शिविरबाट अन्यायपूर्ण तरिकाले बिदाई गरियो । विपक्षीहरुले हामीलाई बेला बेला राहतका प्याकेज घोषणा गरी हाम्रो Child Soldier को पहिचान समाप्त पार्ने काम कारबाही गरिरहेका छन्। द्वन्द्वकालमा बालबालिकाको प्रयोग गर्नु हुन्न भन्ने जानकारी हुँदाहुँदै बाल सेनाको प्रयोग गर्नु युद्ध अपराध भएकोले मानव अधिकार आयोगले यस्तो कार्यमा संलग्न व्यक्तिलाई कारबाही गर्न भने तापनि कार्यान्वयन भएको पाइदैन । प्रस्तुत विषय सत्य निरुपण तथा मेलमिलाप आयोगकै अधिकारक्षेत्रभित्र परे तापनि हालसम्म हामीले कुनै न्याय प्राप्त गरेको अवस्था छैन । यसरी प्रचलित कानूनलाई अनदेखा गरी UNMIN को बाल सेना सम्बन्धी प्रमाणीकरण दस्तावेजलाई अपव्याख्या गरी हामीलाई बाल सेनाको पहिचानबाट वञ्चित गरेको जुनसुकै निर्णय उत्प्रेषणको आदेशले बंदर गरी पाऊँ। साथै उल्लिखित कार्य वृहत शान्ति सम्झौता,२०६३, हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, बालअधिकार सम्बन्धी महासन्धि, नेपालको संविधान एवम् सम्मानित अदालतबाट भएको फैसला विपरीत भएकोले उल्लिखित सम्झौता तथा कानून अक्षरशः पालना गराउनु र हामीलाई बाल सेनाको पहिचान दिलाई सोही अनुसार परिपूरण, क्षतिपूर्ति र न्याय दिलाई भराई पाउन विपक्षीहरुका नाममा परमादेश जारी गरी पाऊँ साथै अन्तर्राष्ट्रिय मानव अधिकार उल्लङ्घन गर्ने पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराई उपर प्रचलित अन्तर्राष्ट्रिय कानूनबमोजिम कारबाही गर्न आवश्यक कार्य अघि बढाउन र सोको प्रगति सम्मानित सर्वोच्च अदालतलाई नियमित रुपमा पेस गर्नु भनी परमादेशको आदेश जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको रिट निवेदन मागदवी देखिन्छ।

२. प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएका अन्य निकायका तर्फबाट आ-आफ्नो विषयमा लिखित जवाफ पेस हुने नै हुँदा मेरोतर्फबाट देहाय बमोजिमको लिखित जवाफ पेस गरेको छुः-

सर्वोच्च अदालत
काठमाडौं

(क) निवेदकले सशस्त्र द्वन्द्वमा बाल सेनाको प्रयोग गरेको र सोको लागि पुष्पकमल दाहाल र डा. बाबुराम भट्टराईलाई प्रचलित अन्तर्राष्ट्रिय कानूनबमोजिम कारबाही गर्न माग गर्नु भएको रहेछ । प्रस्तुत विषयमा निवेदक आफैले रिट निवेदनको प्रकरण नं. १(क) लगायत अन्य प्रसङ्गमा आफूलाई UNMIN ले बाल सेना होइन नाबालिग भनी नामाकरण गरेको स्वीकार गर्नुभएको साथै वृहत शान्ति सम्झौता र हतियार, सेना व्यवस्थापनको अनुगमन सम्झौता, अन्तरिम संविधान, नेपालको संविधान र अन्य आधिकारिक लिखित दस्तावेज समेतले सशस्त्र द्वन्द्वमा बालबालिकालाई सेनाको रुपमा प्रयोग गरेको भनी स्वीकार गरेको कहिँकतै देखिँदैन । यद्यपि वृहत शान्ति सम्झौता र हतियार, सेना व्यवस्थापनको अनुगमन सम्झौताबमोजिम अयोग्य प्रमाणीकरण भएका माओवादी सेनाका लडाकुहरुलाई नेपाल सरकारले विभिन्न बजेट कार्यक्रममार्फत आर्थिक सहयोग लगायतको कार्य निरन्तर गर्दै आएको कुरा निवेदकले समेत स्वीकार गर्नु भएकोले द्वन्द्वमा बाल सेना प्रयोग गरेको र आफूहरुलाई परिपूरण लगायतको कार्य नगरेकोले म समेतलाई कारबाही गर्नुपर्छ भन्ने रिट निवेदकको जिकिर प्रथम दृष्टिमै खारेजभागी छ ।

(ख) नेपालको अन्तरिम संविधान, २०६३ र हालको नेपालको संविधान मूलतः नेपाली जनताको संघर्षकै परिणाम स्वरुप आएको हो। नेपालको संविधानको प्रस्तावनामा समेत ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्षसमेतको स्मरण र शहीदहरू तथा बेपत्ता र पीडित नागरिकहरूलाई सम्मान गर्दै नेपालको संविधान जारी भएको उल्लेख गर्नुले यसको पुष्टि गर्दछ। संविधानको धारा ४२ को उपधारा (५) मा नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवम् उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानूनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुने गरी सामाजिक न्यायको हकको व्यवस्था रहेको छ। लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने लोकतन्त्रका योद्धा, घाइते तथा पीडितलाई राज्यबाट हुने सम्मान, पहिचान र सुविधामा कुनै बन्देज नगरेको समेत सम्मानित अदालत समक्ष विश्वास दिलाउन चाहन्छु । नेपाल सरकारले विभिन्न आर्थिक वर्षको बजेट तथा कार्यक्रमबाट द्वन्द्वकालका अयोग्य लडाकुहरूलाई आ.व. २०७३।०७४ देखिनै आर्थिक सहायता उपलब्ध गराउने, शान्ति प्रक्रियाका बाँकी कामहरू सम्पन्न गर्ने, संक्रमणकालीन न्यायका अवयवहरू सत्य अन्वेषण, न्याय र परिपूरणका लागि विनियोजन गरिएको रकम र लोकतन्त्र प्राप्तिका लागि विभिन्न राजनीतिक आन्दोलन र जनयुद्धमा सहभागी भई महत्वपूर्ण योगदान गर्ने योद्धाहरूलाई लोकतान्त्रिक सेनानीका रूपमा सम्मान गर्ने र आ.व २०८०।०८१ को बजेट वक्तव्यको बुँदा नं. ३८७ मा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत शान्ति प्रक्रियाको बाँकी कामलाई सम्पन्न गर्ने र सोको लागि भएको बजेट विनियोजनबाट निवेदकले उठाउनु भएको राहत तथा सहयोगको कार्य समेतलाई नेपाल सरकारले सम्बोधन गरेको मान्नु पर्ने भएकोले राज्यले परिपूरण, क्षतिपूर्ति र न्याय प्राप्तिको लागि अनवरत रुपमा कार्य गरिरहेको व्यहोरा सम्मानित अदालत समक्ष निवेदन गर्दछु ।

(ग) राज्य पक्ष र तत्कालीन द्वन्द्वरत पक्ष माओवादीबीच चलेको दश वर्षे लामो द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने कोशेढुङ्गाको रुपमा वृहत शान्ति सम्झौता, २०६३ लाई लिने गरिन्छ । यसको मूल उद्देश्य सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य गरी राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणमार्फत शान्ति पुनर्स्थापना गर्ने थियो । प्रस्तुत सम्झौताले नेपालमा चलेको द्वन्द्वलाई सफलतापूर्वक अन्त्य गरी देशको विकास, समृद्धि र सकारात्मक परिवर्तनमा लागेको सहजै देख्न सकिन्छ । यद्यपि, शान्ति प्रक्रियाका काम बाँकी नै रहेको र सो कार्य बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम गठन भएको सत्य निरुपण तथा मेलमिलाप आयोगमार्फत भइरहेको व्यहोरासमेत अवगत गराउन चाहन्छु ।

(घ) रिट निवेदकले आफूलाई शान्ति प्रक्रियाको क्रममा UNMIN को verification ले २९७३ मध्ये आफूलाई Child Soldier को रुपमा सूचीकृत गरेको र UNMIN को प्रमाणीकरणको अपव्याख्या गर्दै राज्यले अयोग्य लडाकु भनी नामाकरण गरिएको भनी उल्लेख गर्नु भएको रहेछ । विस्तृत शान्ति सम्झौता, २०६३ बमोजिम भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३ ले माओवादी सेनाका लडाकुहरुको हतियार अस्थायी शिविर र नेपाली सेनाको ब्यारेकमा व्यवस्थापन गरी सोको अनुगमन UNMIN ले गर्ने, दुवैपक्षको सैन्य बलको रिपोर्टिङ, प्रमाणीकरण, लडाकुलाई शिविर र सेनालाई ब्यारेकमा राख्ने, हतियारको भण्डारण र नियन्त्रण लगायतको कार्य गर्ने सम्झौता भएबमोजिम UNMIN द्वारा दुवैपक्षको सेना र हतियारको

सर्वोच्च अदालत
काठमाडौं

व्यवस्थापन सम्पन्न भएको थियो । उक्त सम्झौताको परिभाषा खण्डको (८) ले माओवादी सेनाका लडाकुलाई ११ जेठ २०६३ भन्दा अघि सेवा प्रवेश गरेका, बालिग र नेकपा माओवादीको परिचयपत्र तथा पक्षहरुबाट मञ्जुर गरिएका अन्य माध्यम समेतबाट आफ्नो सेवा प्रदर्शन गर्न सक्षम, कर्तव्य पालनामा नियमित र सक्रिय रुपमा खटिएका माओवादी सेनाका सदस्यलाई जनाउने उल्लेख गरिनुले सो बाहेकका अन्य कुनैपनि व्यक्तिलाई माओवादी सेना मानेको अवस्था छैन। वृहत शान्ति सम्झौता अन्तर्गतको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता, २०६३ बमोजिम सेनाको समायोजन, हतियार व्यवस्थापन लगायतको कार्य अन्तर्राष्ट्रिय रुपमा सर्वस्वीकार्य रुपमा सम्पन्न भई शान्ति प्रक्रियाको मूलभूत जिम्मेवारी पूरा भएको, विश्व समुदायले उक्त कार्यलाई प्रसंशायोग्य मानेको सन्दर्भमा शान्ति प्रक्रियाको बाँकी कार्यलाई बाधा वा प्रभाव पार्ने भन्दा टुङ्गोमा पुऱ्याउन सबै क्षेत्रको सहयोग हुन जरुरी छ। साथै, म शान्ति सम्झौतामा हस्ताक्षर गर्ने व्यक्ति भएको नाताले समेत शान्ति प्रक्रियाको बाँकी कामलाई तात्विक निश्कर्षमा पुऱ्याउने कार्यमा निरन्तर रुपमा लागिपरेको व्यहोरासमेत सम्मानित अदालत समक्ष अवगत गराउँछु ।

(ङ) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा भएका आदेश समेतका आधारमा थप परिमार्जन गरी पीडित मैत्री बनाई संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सङ्घीय संसदमा पेस भएको छ। उक्त विधेयकमा परिपूरणलाई अधिकारको रूपमा परिभाषित गरिनुका साथै परिपूरण लगायतको कार्यका लागि कोषको व्यवस्था गरिएको छ । उक्त संशोधन विधेयक हाल सङ्घीय संसदमा विचाराधीन अवस्थामा रहेकोले पारित भई कार्यान्वयन हुँदाका वखत राहत तथा परिपूरण लगायतका विषयहरु आयोगले संबोधन गर्ने नै छ।

(च) जहाँसम्म वृहत शान्ति सम्झौतामा बालबालिकाको अधिकारलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइए तापनि माओवादी सेनाका लडाकुको परिभाषा विपरीत हामी लगायतलाई UNMIN ले बाल सेना नभई उमेरको परिक्षण गर्न कुन लडाइमा भाग लिएको हो भन्ने प्रश्न सोधिएको र सो लडाइको मिति र लडाकुको उमेर म्याच नभएका कारणले तोकिएको उमेर समूह पूरा गर्न नसकेका भनी वहिर्गमनमा पारेको तथ्यलाई लुकाइ जवर्जस्त "नाबालक भनि नामाकरण गरिदिए" भन्ने कुरा निवेदक स्वयंको स्वीकारोक्ति छ । सो स्वीकारोक्तिका विपरीत सोही विस्तृत शान्ति सम्झौताबमोजिम गरी पाऊँ भन्ने अन्तरविरोधी रिट निवेदन लाग्न सक्ने नै अवस्था नहुँदा रिट निवेदन खारेजभागी छ ।

(छ) यसै अदालतवाट फैसला भएको रिट नम्वर ०७३-WO-०११२ मा प्रति अयोग्य लडाकुलाई रु. दुई लाख रुपैयाँ दिने भन्ने उल्लेख भए बमोजिम नेपाल सरकारको तर्फबाट प्रस्तुत भएको बजेट भाषण र आर्थिक ऐनले समेत गरेको व्यवस्थाका विरुद्धमा रिट निवेदन पर्दा यिनै निवेदक समेतले सो मुद्दामा सहभागी हुन पाउँ भनी दिएको निवेदन र प्रतिवादमा आफूहरु वहिर्गमित अयोग्य लडाकु भनी स्वीकार गर्दै वहिर्गमित भए वापत राहत स्वरुप राज्यले दिन मञ्जुर गरेको जनही दुई लाख रुपैयाँ पाउनु पर्ने जिकिर छ। यस्तो अवस्थामा अनमिन र राज्यले घोषणा गरेको तथ्यलाई पुर्णत स्वीकार गरिसकेको र आफैले समेत वहिर्गमित अयोग्य लडाकु बाहेक अरु हैन भनी स्वीकार गरेको अवस्थामा अहिले आएर पेस गरेको भिन्न प्रकारको निवेदन तथ्य तर्क र सत्यको रोहमा समेत मिलेको नदेखिएकाले रिट निवेदन खारेजभागी छ ।

३. अतः उल्लिखित आधार कारणबाट रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु।

४. मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकिलको बहस जिकिरसमेतलाई यस लिखित जवाफको अभिन्न अङ्ग मानी पाऊँ।

लिखित जवाफ प्रस्तुतकर्ता

(पुष्पकमल दाहाल "प्रचण्ड")
प्रधानमन्त्री

इति सम्वत् २०८० साल साउन महिना ५ गते रोज ६ शुभम् ।